# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०७।२४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

यातायात व्यवस्था कार्यालय, मेचीमा कार्यरत लेखा अधिकृत भगवान भट्टराईले आर्थिक वर्ष २०७३/७४ मा संकलन भएको राजश्व रकम हिनामिना गरेको र कार्यालयले पटक पटक चेतावनी दिँदा पनि सो रकम दाखिला नगरी अनियमितता गरेकोले छानबिन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने यातायात व्यवस्था विभागको उजुरी पत्रका सम्वन्धमा अनुसन्धान हुँदा, आ.व २०७३/७४ मा उक्त कार्यालयमा कार्यरत लेखा अधिकृत गणेशकुमार पोखरेलले आफ्नो कार्यकालमा उठाएको राजश्वमध्ये रु. ९,९७,४४४/- (नौ लाख सन्तानब्बे हजार चार सय चौवालीस) र लेखा अधिकृत भगवान भट्टराईले आफ्नो कार्यकालमा उठाएको राजश्वमध्ये रु. १,१८,३७,७४७/- (एक करोड अठार लाख सैतीस हजार सात सय सतचालिस) राजश्व बैंक दाखिला नगरी राजश्व चुहावट गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ७ को देहाय (ग) बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा तत्कालीन लेखा अधिकृत गणेशकुमार पोखरेलको हकमा बिगो रू. ९,९७,४४४/- (नौ लाख सन्तानब्बे हजार चार सय चौवालीस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ तथा दफा ३ को उपदफा (१) र सोही दफा र उपदफाको देहाय (ङ) र लेखा अधिकृत भगवान भट्टराईको हकमा बिगो रु. १,१८,३७,७४७/- (एक करोड अठार लाख सैतीस हजार सात सय सतचालिस) कायम गरी ऐ. ऐनको दफा ७ तथा दफा ३ को उपदफा (१) र सोही दफा र उपदफाको देहाय (झ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता